सुशासनको कमीले लगानी निरुत्साहित

साउन १, काठमाडौं (अस) । नेपालले २०४७ सालदेखि हालसम्म गरेको आर्थिक तथा सामाजिक प्रगतिका बारेमा समीक्षा गरिएको छ । 'विकासका लागि यूरोपेली प्रतिवेदन २०१३' का लागि गरिएको नेपालसम्बन्धी अध्ययनमा यस्तो समीक्षा गरिएको हो । अध्ययनले नेपाली अर्थतन्त्रले सामना गरेका मुख्य चुनौती तथा सम्भावनाहरू र राष्ट्रिय विकास रणनीतिमा सहयोग गर्न दाताहरूले निर्वाह गर्नसक्ने सम्भावित भूमिकाको विश्लेषण गरेको छ । उक्त प्रतिवेदनमाथि छलफल गर्न साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोमेण्ट (सावती) र सेण्टर फर द स्टडी अफ लेबर एण्ड माइग्रेशन (सीईएसएलएम)ले सोमवार राजधानीमा आयोजना गरेको कार्यशालामा सो प्रतिवेदनमाथि छलफल गरिएको थियो । नेपालसम्बन्धी अध्ययन विकासका लागि यूरोपेली प्रतिवेदनको एउटा भाग हो । यूरोपेली आयोगले हरेक वर्ष प्रकाशन गर्ने यो रिपोर्टले विभिन्न सामाजिक तथा आर्थिक क्षेत्रको विकास सहकार्यका विविध पक्षहरूको अध्ययन-अनुसन्धान गर्छ । सन् २०१२/०१३ को प्रतिवेदनको विषय 'बदलिँदो विश्वमा विकास : सन् २०१५ पछिको विश्वव्यापी कार्यसूचीका तत्त्वहरू' रहेको छ ।

कार्यशालाका सहभागीहरूले सन् २०१५ पछिका लागि कस्तो विकास योजना हुनुपर्छ भन्नेबारेमा छलफल गरेका छन् । सन् २०१५ सम्ममा पूरा हुन नसक्ने सहस्राब्दी विकास लक्ष्य (एमडीजी)हरू तथा जलवायु परिवर्तन र दिगो विकासका क्षेत्रमा सहयोग जुटाउनु आवश्यक रहेको उनीहरूको धारणा थियो । नेपालसँग पर्याप्त साधनस्रोत, बजार र प्रविधिजस्ता कुरा पर्याप्त नभएकाले विकास लक्ष्य भेट्टाउन थप प्रयास र प्रतिबद्धता आवश्यक भएको नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. युवराज खतिवडाले बताए । आर्थिक वृद्धिविना विकास, सामाजिक सुरक्षालगायत क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न नसकिने भएकाले मुलुकले प्रथमत: लगानीको वातावरण तथा पूर्वाधार निर्माणमा ध्यान पुऱ्याउनु आवश्यक भएको पनि उनले बताए ।

एमडीजीले नेपालका लागि विश्वव्यापी रूपमै सहयोग जुटाउन सहयोग पुऱ्याएको छ । तर, सन् २०१५ पछि पनि केही लक्ष्यहरू पूरा गर्न बाँकी रहने र त्यसका लागि दाताहरूले वित्तीय सङ्कट र जलवायु परिवर्तनजस्ता मुद्दालाई ध्यानमा राखेर विकास सहयोग उपलब्ध गराउनुपर्ने सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेको भनाइ थियो । विकास लक्ष्यले मुलुकका आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पारेको र अब त्यसमा वातावरणीय मुद्दालाई पनि समेटेर अघि बढ्नुपर्ने यूरोपेली युनियन विकास नीतिका वरिष्ठ सल्लाहकार तथा प्रतिवेदनका लेखक डा. जेम्स म्याकीले बताए ।

अहिले भ्रष्टाचार र सुशासन नेपालमा प्रमुख मुद्दा बनेको उद्यमी तथा पूर्वसभासद् राजेन्द्र खेतानले बताए । यसले मुलुकमा हुन सक्ने लगानीलाई निरुत्साहित गरेको र निजीक्षेत्रलाई हतोत्साहित बनाएको उनको भनाइ छ । 'पछिल्लो समय बढ्दै गएको नीतिगत भ्रष्टाचारप्रति दाताहरूको पनि चासो बढ्दै गएको छ, जसले मुलुक भित्रिने वैदेशिक ऋण तथा अनुदान सहयोगमा प्रभाव पार्नेछ,' उनले भने । तर, अब नेपालले सहयोग माग्नुभन्दा अन्तरराष्ट्रिय व्यापारमा सुधार गर्नुपर्ने उनको भनाइ छ । लगानीमैत्री वातावरण निर्माण गरी निर्यात बढाउने हो भने त्यसले आर्थिक विकासमा दिगो योगदान दिने उनले बताए ।

कार्यशालामा सावतीका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारी र सीईएसएलएमकी अनुसन्धान निर्देशक डा. वन्दिता सिजापतिले कार्यपत्र प्रस्तुत गरेका थिए भने राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्राडा पुष्कर वज्राचार्य र नेपाल ब्रिटेन च्याम्बर अफ कमर्श एण्ड इण्डष्ट्रीका अध्यक्ष राजेन्द्र खेतानले कार्यपत्रमाथि टिप्पणी गरेका थिए । अन्तरराष्ट्रिय समुदाय तथा दाताहरूले नेपालको नीतिगत तहमा हस्तक्षेप नगरी सहज वातावरण बनाउन सहयोग उपलब्ध गराउनु पर्ने डा. अधिकारीको भनाइ थियो ।